# हाम्रो बारपाक सुलिकोट

## स्थानीय पाठ्यक्रम (कक्षा ६-८)

## २०८३






## बारपाक सुलिकोट गाउँपालिका

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल

# हाम्रो बारपाक सुलिकोट

## स्थानीय पाठ्यक्रम (कक्षा ६-८)




## बारपाक सुलिकोट गाउँपालिका

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल

**स्थानीय पाठ्यक्रम : हाम्रो बारपाक सुलिकोट**

प्रकाशक : बारपाक सुलिकोट गाउँपालिका, ताकुकोट, गोरखा ।

प्रकाशन : स्थानीय पाठ्यक्रम (कक्षा ६-८)

वेबसाइट : **www.barpaksulikotmun.gov.np**

प्रमुख संरक्षक : श्री विष्णु प्रसाद भट्ट, अध्यक्ष

संरक्षक : श्री सनमाया गुरुङ, उपाध्यक्ष

सदस्य : श्री सुवास आले, प्रमुख प्रशासकीय अधिकृत

सर्वाधिकार : श्री बारपाक सुलिकोट गाउँपालिका, गोरखा

कम्प्युटर डिजाइनिङ : श्री कवि शाक्य

## पाठ्यक्रम निर्माण प्राविधिक समिति

| | |
|---|---|
| श्री कृष्ण गुरुङ, सामाजिक विकास समिति संयोजक | : संयोजक |
| श्री भीम कुमार श्रेष्ठ, शिक्षा संयोजक | : सदस्य |
| श्री वाबुराम नेपाली, प्र.अ., श्री सूर्य ज्योति मा.वि. | : सदस्य |
| श्री ठाकुर प्रसाद पनेरु, प्र.अ., श्री हिमालय मा.वि. | : सदस्य |
| श्री पवित्रा शर्मा, शिक्षा अधिकृत | : सदस्य सचिव |

## पाठ्यक्रम मस्यौदा लेखन समिति

| | |
|---|---|
| श्री पवित्रा शर्मा, शिक्षा अधिकृत | : संयोजक |
| श्री भीम कुमार श्रेष्ठ, शिक्षा संयोजक | : सदस्य |
| श्री ठाकुर प्रसाद पनेरु, प्र.अ., श्री हिमालय मा.वि. | : सदस्य |
| श्री वाबुराम नेपाली, प्र.अ., श्री सूर्य ज्योति मा.वि. | : सदस्य |
| श्री राम कुमार अंगाई, प्र.अ., श्री शैलपुत्री मा.वि. | : सदस्य |
| श्री राम उद्‌गार महत्तो, प्र.अ., श्री हिमालय मा.वि., बारपाक | : सदस्य |
| श्री उमाकान्त ढकाल, प्र.अ., श्री जलकन्या मा.वि. | : सदस्य |
| श्री रमेश सुवेदी, प्र.अ., श्री माइकोट मा.वि. | : सदस्य |
| श्री निम प्रसाद ढकाल, प्र.अ., श्री सिद्धार्थ मा.वि. | : सदस्य |
| श्री उत्तम कुमार बराम, प्र.अ., श्री माझथर मा.वि. | : सदस्य |
| श्री सन्त बहादुर गुरुङ, प्र.अ., श्री दुर्गा मा.वि. | : सदस्य |
| श्री रण बहादुर बराम, प्र.अ., श्री अन्तर ज्योति मा.वि. | : सदस्य |
| श्री कवि शाक्य, शिक्षक, श्री शैलपुत्री मा.वि. | : सदस्य |

# प्राक्कथन

स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञताको प्रयोग गरी निर्माण गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रमले सबै क्षेत्र र वर्गका आवश्यकता एवं विविधतालाई सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता महसूस गरिएको हो ।

नेपाल बहुधार्मिक, बहुजातीय र बहुभाषिक राष्ट्र हो । विविधतामा एकता नेपाली समाजको विशेषता हो । नेपालमा विभिन्न किसिमका भाषा, सभ्यता, पेशा, संस्कृति, भेषभूषा र भूगोलहरु छन् । त्यस कारण विभिन्न भौगोलिक क्षेत्रमा बस्ने विभिन्न सम्प्रदायका मानिसहरुका आ-आफ्नै विशिष्ट पहिचान छन् । नेपालको संविधानले समेत प्रत्येक भाषा र सभ्यताको संरक्षण र सम्बर्द्धन गर्न पाउने नागरिकको हकलाई मौलिक हकका रुपमा सुरक्षित गरेको छ । साथै विभिन्न समयमा ऐन, कानुन र निर्देशिकाहरुले समेत विविधतायुक्त पहिचान भएका भाषा, सम्प्रदाय र सभ्यताको संरक्षण एवं सम्बर्द्धन गर्ने कुरालाई जोड दिएका छन ।

नेपालमा शैक्षिक सुधारका लागि विभिन्न शिक्षा समिति र आयोगका प्रतिवेदनहरुले शिक्षालाई विकेन्द्रित गर्ने प्रयास स्वरुप पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई महत्व दिँदै आएको पाइन्छ । 'राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६' ले आधारभूत तहको पाठ्यक्रममा स्थानीय विषयलाई समावेश गरी स्थानीय पाठ्यक्रमको महत्वलाई विशेष जोड दिइएको पाइन्छ । साथै 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन-२०७६' ले समेत स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा स्पष्ट मार्गदर्शन र सहजीकरण गरेको देखिन्छ ।

यसै सन्दर्भमा बारपाक सुलिकोट गाउँपालिकाले पनि '**हाम्रो बारपाक सुलिकोट**' नामको स्थानीय पाठ्यक्रम तयार गरी त्यसैको परिधिभित्र रही पाठ्यपुस्तक निर्माणमा जुटिरहेको छ । स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा हामीले सर्वप्रथम सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, गोरखा क्याम्पसका प्राध्यापकहरु, स्थानीय विज्ञहरु, गाउँपालिकाका वडाध्यक्षहरु एवं अन्य सरोकारवालाहरुको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अभिमुखीकरण कार्यशाला आयोजना गर्‍यौं । त्यस पश्चात पाठ्यक्रमको मस्यौदा तयार गर्न पाठ्यक्रम निर्माण सम्बन्धी प्राविधिक समिति निर्माण गरी विभिन्न चरणमा स्थानीय विज्ञ, प्रधानाध्यापक, शिक्षक, अभिभावक, जनप्रतिनिधि, विद्यार्थी, शिक्षाप्रेमी तथा विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुलाई समावेश गरी छलफल र अन्तरक्रिया गरेका छौँ । प्रारम्भिक मस्यौदामा सामाजिक विकास समितिका विज्ञहरु, क्याम्पसका उपप्राध्यापकहरु र स्थानीय पाठ्यक्रम निर्माणमा संलग्न अन्य विज्ञहरुसँगको परामर्श अनुसार आवश्यक सुधार गरी सबै पक्षका उचित सल्लाह र सुझावलाई समेटेर यो पाठ्यक्रम निर्माण गरिएको छ । यसले बारपाक सुलिकोटको वास्तविक अनुहार दस्तावेजमा देखाउने छ । बारपाक सुलिकोटको पहिचानलाई जीवन्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वास लिएको छु ।

यस स्थानीय पाठ्यक्रमको निर्माणका क्रममा 'गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय' ले जुन सहजीकरणको भूमिका निर्वाह गरेको छ, त्यसप्रति म हृदयदेखि नै आभारी छु । गाउँपालिकाको स्थानीय पाठ्यक्रम मस्यौदा लेखन र प्राविधिक समिति र विज्ञ टोलीप्रति म कृतज्ञ छु । यस कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने गाउँपालिकाभित्रका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, शिक्षा शाखाका विज्ञहरु, कर्मचारी साथीहरु, विभिन्न क्षेत्रका विज्ञ तथा अग्रज

व्यक्तित्वहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै म यस पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २०८३ जेठ २८ गते

**विष्णुप्रसाद भट्ट**
**अध्यक्ष**
**बारपाक सुलिकोट गाउँपालिका, गोरखा ।**

# विषय सूची


| क्र.सं. | पेज |
|---|---|
| १. परिचय | १-२ |
| २. विषयक्षेत्र | २ |
| ३. स्थानीय पाठ्यक्रमको औचित्य तथा आवश्यकता | ३ |
| ४. पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधार (सिद्धान्तहरू) | ४ |
| ५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ५ |
| ६. विद्यालय शिक्षाको तहगत संरचना | ६ |
| ७. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना | ६ |
| ८. आधारभूत तह (कक्षा ६-८) का तहगत सक्षमता | ७ |
| ९. स्थानीय विषय (कक्षा ६-८) का तहगत सक्षमताहरु | ८ |
| १०. स्थानीय विषय (कक्षा ६-८) को विषय क्षेत्र र कार्यघण्टा | ९ |
| ११. स्थानीय पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि | ९-१३ |
| १२. विषयवस्तुको विस्तृतीकरण | १४-६५ |
| १३. विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ६६ |
| १४. पाठ्यक्रम कार्यान्वयन प्रक्रिया | ६७ |
| १५. समय निर्धारण | ६७ |
| १७. पाठ्यक्रम परिमार्जन | ६७ |
| १८. विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा | ६८ |
| १९. कक्षा ६-८ को प्रश्नपत्र निर्माण योजना | ६९ |

## १.परिचय

पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, आदि पक्षले प्रभाव पारेको हुन्छ । नेपाल विविधतायुक्त मुलुक हो । भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले सबै क्षेत्र, वर्ग र समुदायको आवश्यकता पूरा गर्न सक्दैन । यस सन्दर्भमा सबै क्षेत्रका फरक आवश्यकतालाई समेट्न स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता महसुस गरियो ।

ऐतिहासिक रुपले नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई जोड दिएका थिए । तर औपचारिक रुपमा भने स्थानीय पाठ्यक्रमको निर्माणको अवधारणा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक ल्याएको हो । यसमा स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनौट गरी पढाउन पाउने र त्यसको साप्ताहिक पाठ्यभार ३ र पूर्णाङ्क १०० हुने व्यवस्था गरिएको थियो तर उक्त व्यवस्था कार्यान्वयन हुन सकेन । त्यसपछि प्राथमिक शिक्षा पाठ्यकम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा १-५) मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषयवस्तु शिक्षण गर्ने प्रावधान राखियो । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ ले समेत स्थानीय पाठ्यक्रममा जोड दिँदै साप्ताहिक ५ पाठयभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषयलाई आधारभूत तहको पाठ्यक्रममा समावेश गऱ्यो । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम  प्रारूप, २०७१ मा आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६  ले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने व्यवस्था गरेको छ । पाठ्यक्रम प्रारुप अनुसार कक्षा १-३ मा मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक रूपमा १६० पाठ्यघण्टा हुने व्यवस्था गरेको छ भने कक्षा ४-८ सम्म पाठ्यभार ४ र वार्षिक पाठ्यघण्टा १२८ घण्टा कायम गरेको छ । यसरी विद्यालय तहको पाठ्यक्रममा स्थानीय विषयको प्रष्ट व्यवस्था गरे पश्चात स्थानीय विज्ञता, स्थानीय सहभागिता र स्थानीय विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

स्थानीय विविधता र विशिष्टतालाई समेटेर निर्माण गरिएको यस पाठ्यक्रमले बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुले आफ्नो टोल, गाउँ र सिंगो गाउँपालिकाको समाज, भूगोल, इतिहास र संस्कृतिका साथै यहाँका महत्वपूर्ण ऐतिहासिक, सांस्कृतिक, सामाजिक र भौगोलिक सम्पदाको ज्ञान हासिल गर्नेछन् । साथै स्थानीय पेशा, व्यवसाय र प्रविधिको विकास र संरक्षणमा समेत यो पाठ्यक्रम कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ । आधारभूत

तहमा अध्ययनरत बालबालिकाहरुमा विपद् र विपद् व्यवस्थापनप्रति सजगता एवं असल सामाजिक संस्कारको विकास गर्न यस पाठ्यक्रमले सहयोग गर्नेछ ।

स्थानीय स्तरका शिक्षाविद, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, पाठयक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा  बारपाक सुलिकोट गाउँपालिकाले स्थानीय समाज, ऐतिहासिक र प्राकृतिक स्रोत साधन, सामाजिक संस्कार, संस्कृति, पर्यटकीय सम्भावना, स्थानीय पेसा, व्यवसाय र प्रविधि, स्वास्थ्य र खेलकुद, विपद् र विपद् व्यवस्थापन, विविध सामाजिक संस्थाहरु लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ५ सम्मको लागि स्थानीय विषयको पाठ्यक्रम २०७८ विकास भइसकेको छ र उक्त पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १ बाट कक्षा ५ सम्म लागू गरिएको सर्वविदितै छ । समयको माग र आवश्यकता अनुसार विविध विषय क्षेत्रलाई समेटेर कक्षा ६ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम २०८३ को रुपमा विकास गर्न लागिएको छ । साथै यो पाठ्यक्रम शैक्षिक सत्र २०८३ देखि कक्षा ६ बाट लागू गरिने छ ।

बारपाक सुलिकोट गाउँपालिका गण्डकी प्रदेशअन्तर्गत गोरखा जिल्लाको उत्तरी भागमा पर्दछ । यो गाउँपालिका प्राकृतिक, साँस्कृतिक, धार्मिक, पर्यावरणीय विविधता र सुन्दरताले सुसज्जित छ । वि.सं २०७२ सालको भूकम्पको केन्द्रविन्दु बारपाक र सुलिकोट डाँडाको नामबाट यस पालिकाको नाम बारपाक सुलिकोट राखिएको हो । पछिल्लो समयमा पर्यटकीय दृष्टिले राष्ट्रिय रूपमै चर्चामा आएको यो क्षेत्रमा अन्य थुप्रै सम्भावनाहरू विद्यमान छन् । स्थानीय पाठ्यक्रमले यस क्षेत्रको समृद्धिको सपनालाई साकार पार्न र यस क्षेत्रका आधारभूत तहमा अध्ययनरत भविष्यका कर्णधार बालबालिकाहरुलाई आफू र आफ्नो पहिचानप्रति गर्व गर्न सक्ने बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । अझ विशेष रुपमा भन्दा स्थानीय पेशा, व्यवसाय र रोजगारीप्रति सजग रहँदै आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख जनशक्तिको विकास गर्ने एवं स्थानीय कला, संस्कृति, सौन्दर्य, आदर्श र वैशिष्ट्यको संरक्षण, सम्बर्द्धन र विस्तारमा सहयोग गर्ने जस्ता शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नसमेत यो पाठ्यक्रम सहायकसिद्ध हुने अपेक्षा गरिएको छ ।

## २. विषय क्षेत्र

यस पाठ्यक्रमले बारपाक सुलिकोट गाउँपालिकाको सेरोफेरोलाई समेटेको छ । बारपाक सुलिकोट गाउँपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य र सरसफाइ, जैविक विविधता, सूचना तथा सञ्चार प्रविधि क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरू र स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तह (६-८) मा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

(क) बारपाक सुलिकोट गाउँपालिकाको परिचय, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या, जातजाति, सङ्घ संस्थाहरू

(ख) बारपाक सुलिकोट गाउँपालिकाको कला संस्कृति र सम्पदाहरु ।

(ग) स्थानीय पेशा, व्यवसाय र प्रविधिहरु ।

(घ) अनुशासन र स्वस्थ जीवनशैली ।

(ङ) प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन ।

(च) जैविक विविधता ।

(छ) आधुनिक सूचना तथा सञ्चार प्रविधि ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार स्थानीय पेशा, व्यवसाय र रोजगारलाई सम्बोधन गर्दै आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी, सीपयुक्त र रोजगार उन्मुख जनशक्तिको विकास गर्ने एवम नेपाली कला, संस्कृति, सौन्दर्य, आदर्श र वैशिष्ट्यको संरक्षण, सम्बर्द्धन र विस्तारमा सहयोग गर्न, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका लागि मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । स्थानीय विषयको पठनपाठन गर्न एवं आफ्नोपन, मौलिकता र परम्परालाई हाम्रो पहिचानको धरोहरको रूपमा स्थापित गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । एकीकृत पाठ्यक्रम देशभरि २०७७ सालदेखि कक्षा १ मा लागू भइसकेको छ । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भलाई हेर्दा शिक्षामा विकेन्द्रीकरण र विविधता व्यवस्थापन गर्न एवं सामाजिक न्याय स्थापना गर्न स्थानीय पाठ्यक्रमको आवश्यकतालाई विभिन्न अध्ययन अनुसन्धानले जोड दिएका छन् ।

राष्ट्रिय पाठ्यक्रमले देशको विविध विशेषता वोकेका सबै क्षेत्रको आवश्यकता सम्बोधन गर्न नसक्ने हुँदा स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठयक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले बारपाक सुलिकोट गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्न बुँदाहरुमा उल्लेख गरिएको छ ;

(क) गाउँपालिकाभित्रको स्थानीय आवश्यकता र सामाजिक परिवेशसँग सम्बन्धित पाठ्यवस्तुलाई पाठ्यक्रममा समावेश गरी बालबालिकालाई स्थानीय परिवेशसँग परिचित गराउने ।

ख) गाउँपालिका र जिल्लाभित्र रहेका भौगौलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय र प्राकृतिक सम्पदाको बारेमा परिचित गराउने ।

ग) स्थानीय स्तरका व्यवसाय, पेसा एवं रोजगारलाई माया गर्ने उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

(घ) स्थानीय कला, साहित्य, संस्कृति, भाषाभाषी र परम्पराको पहिचान गरी संरक्षण एवं सम्बर्द्धन गर्ने ।

(च) भौगोलिक, जातीय, लैङगिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्ने ।

(छ) स्थानीय ज्ञान, सीप र प्रविधिलाई विश्वव्यापीकरण गर्ने ।

(ज) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउने ।

(झ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी स्वावलम्बी बन्न सक्ने शिक्षा प्रदान गर्ने ।

(ञ) स्थानीय परिवेश अनुसार विपद् र विपद् व्यवस्थापन सम्बन्धी अवधारणाको विकास गर्ने ।

## ४. पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधार (सिद्धान्तहरू)

१. सक्षमतामा आधारित पाठ्यक्रम विकास

२. सर्वाङ्गीण बाल विकासको अवधारणा अनुरूप पाठ्यक्रम विकास
   I. Learning to know जान्नका लागि,
   II. Learning to do गर्नका लागि,
   III. Learning to be बन्नका लागि,
   IV. Learning to live together मिलेर बस्न सिक्ने जस्ता पक्ष समेटेको

३. बालकेन्द्रित विकासात्मक पद्धति अनुरूप पाठ्यक्रम विकास

४. एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास (कक्षा १-३ सम्म एकीकृत सिद्धान्त र कक्षा ४-८ सम्म अन्तरसम्बन्धित सिद्धान्त)

५. समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास (पाठ्यक्रम विकास तथा परिमार्जन गर्दा समावेशी सिद्धान्तलाई पूर्ण रूपमा अङ्गीकार गरिने । शिक्षाले सबै खाले बालबालिकाहरू (अपाङ्गता भएका, दलित तथा विपन्न, आर्थिक रूपमा कमजोर, महिला, आदिबासी, गरिबीको रेखामुनि रहेका) सबैको विविध सिकाइ चाहनाको सम्बोधन गरिने ।)

६. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास (मुलुकको सङ्घीय संरचना अनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गरिने ।)

७. सूचना, सञ्चार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित पाठ्यक्रम विकास

८. जीवनोपयोगी सीप तथा कार्यप्रति अभिमुख पाठ्यक्रम विकास (पाठ्यक्रममा व्यवहारकुशल सीपहरू (Soft skills) र रोजगारी एवं स्वरोजगारीलाई जोड दिइने छ ।)
९. सहभागितामूलक पाठ्यक्रम विकास (पाठ्यक्रम विकास प्रक्रियामा अभिभावक, शिक्षक लगायत विभिन्न सबै सरोकारवालालाई सहभागी गराइने ।)
१०. लचकता र विविधतामा आधारित पाठ्यक्रम विकास (पाठ्यक्रम तर्जुमा गर्दा पाठ्यवस्तु, सिकाइ विधि एवं प्रक्रिया र समय सबैमा लचिलोपनाको सम्बोधन भएको
११. नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानमा आधारित पाठ्यक्रम विकास
१२. विद्यालय पाठ्यक्रममा पूर्वीय वाङ्मयका सबल पक्षलाई समावेश गरेर व्यावहारिक रूपमा सिकाइ सहजीकरण क्रियाकलापमा उपयोग गरिने
१३. सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन
१४. शैक्षणिक गुणस्तर मानकको सुनिश्चिततामा आधारित पाठ्यक्रम विकास
१५. खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास

## ५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय शिक्षा पाठ्यक्रम, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,
२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिवद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान, नैतिकवान एवं जिम्मेवार नागरिक तयार गर्ने,
३. श्रमप्रति सम्मान एवं सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील र सीपयुक्त नागरिक तयार गर्ने ।
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने ।
५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।
६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मदत गर्ने ।
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

८. वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने ।
९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने ।
१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण, सम्बर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने ।
११. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निमित्त आवश्यक मानव संसाधनको विकास गर्ने ।
१२. जलवायु परिवर्तन तथा प्राकृतिक एवं मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

## ६. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ का अनुसार विद्यालय शिक्षाको संरचना निम्नानुसार रहेको छ ।

| विद्यालय शिक्षाको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | प्रारम्भिक बालविकास शिक्षा | ४ वर्ष | |
| आधारभूत तह | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक तह | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ७. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना

### क. कक्षा १-३ को पाठ्यक्रम संरचना

| क्र.सं | विषय सम्बन्धी क्रियाकलाप/विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सीप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | भाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

### ख. कक्षा ४-५ को पाठ्यक्रम संरचना

| क.सं | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | भाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

### ग. कक्षा ६-८ को पाठ्यक्रम संरचना

| क.सं | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | भाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

द्रष्टव्य :

१. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सीप र प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ ।

२. सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

## ८. आधारभूत तह (कक्षा ६-८) का तहगत सक्षमता

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा ६-८) का विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमताहरु निम्न बमोजिम रहेका छन् ;

१. देशप्रेम एवं राष्ट्रिय एकताको भावनाको विकास

२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान

३. भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवं सान्दर्भिक प्रयोग

४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप र अभिवृत्तिको विकास र प्रयोग
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवं बोध र व्यावहारिक जीवनमा प्रयोग
७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवं चारित्रिक र नागरिक गुणको विकास
८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवं व्यवस्थापनम सहयोग
९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीप (Life skills) विकास
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीप (Soft skills)
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवं सिर्जनशीलताको प्रयोग
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ९. स्थानीय विषय (कक्षा ६-८) का तहगत सक्षमताहरु

१. बारपाक सुलिकोट गाउँपालिकाको राजनीतिक र प्रशासनिक संरचनाको परिचय र तिनका कार्यहरुको बोध
२. बारपाक सुलिकोट गाउँपालिकाको भौगोलिक अवस्था र यहाँका नदीनाला, खनिज पदार्थ, वनस्पति तथा पशुपन्छी आदिको परिचय, महत्व र संरक्षण
३. बारपाक सुलिकोट गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजाति र उनीहरुको भाषा , धर्म, प्रचलित कला, साहित्य, संस्कृति र चाडपर्वको पहिचान र संरक्षण
४. गाउँपालिकाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको परिचय, महत्व बोध र संरक्षणमा सहभागिता
५. सामाजिक तथा राजनीतिक परिवर्तनमा शहीदको योगदान र राष्ट्रप्रेम
६. बारपाक सुलिकोट गाउँपालिकाको परम्परागत ज्ञान, कला, सीप, पेशा, ब्यवसाय प्रविधिहरुको पहिचान, महत्व र आधुनिकीकरण तथा उद्यमशीलता
७. सामाजिक न्याय, असल मानवीय मूल्य मान्यताको अनुसरण, राष्ट्र प्रेम र श्रम संस्कृतिको सम्मान
८. पोषणयुक्त तथा स्वस्थकर खानपिन, बानी ब्यवहार, सरसफाइ र फोहोरमैला ब्यवस्थापनका उपायहरुको अवलम्बन
९. योग, ध्यान, खेलकुद, आयुर्वेद र जडीबुटी सम्बन्धी परिचय, महत्व र अभ्यास तथा सकारात्मक सोचको विकास

१०. प्राकृतिक विपत्तिहरु र जोखिम न्यूनीकरणका उपायहरुको सचेतना
११. सूचना तथा सञ्चार प्रविधिको प्रयोग र वर्तमान अवस्था

## १०. स्थानीय विषय (कक्षा ६-८) को विषय क्षेत्र र कार्यघण्टा

| एकाइ | विषय क्षेत्र | कार्यघण्टा |
|---|---|---|
| | खण्ड क | |
| १ | बारपाक सुलिकोट गाउँपालिकाको परिचय | १६ |
| २ | हाम्रो कला, संस्कृति र सम्पदाहरु | १२ |
| ३ | सहिदको बलिदान र राष्ट्रप्रेम | १२ |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | १० |
| ५ | सामाजिक न्याय र श्रम | ८ |
| ६ | हाम्रो नैतिक मूल्य मान्यता र स्वस्थ जीवनशैली | १० |
| ७ | प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन | १० |
| | खण्ड ख | |
| ८ | आधुनिक सूचना तथा सञ्चार प्रविधि | ५० |

## ११. स्थानीय पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि

### कक्षा ६

१ बारपाक सुलिकोट गाउँपालिकाको नक्सा बनाई महत्वपूर्ण स्थानहरु भर्न
२ बारपाक सुलिकोट गाउँपालिका अन्तर्गतका प्रशासनिक इकाइहरुको परिचय दिन
३ बारपाक सुलिकोट गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय दिन
४ बारपाक सुलिकोट गाउँपालिकामा पाईने विभिन्न प्रकारका हावापानीको अवस्था र विशेषता बताउन
५ बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक पक्षको परिचय दिन
६ स्थानीय स्तरमा बोलिने भाषा र भाषाको लिपिको परिचय दिन
७ स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजातिका जन्म संस्कार तथा परम्पराको बारेमा बताउन
८ बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत रहेका ऐतिहासिक, पर्यटकीय तथा पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान गरी परिचय दिन
९ स्थानीय जातजातिको जन्म संस्कारहरु बताउन
१० सहिदको परिचय र योगदान बताउन
११ राष्ट्रप्रेमको सामान्य अर्थ बताउन
१२ परम्परागत पेशा व्यवसायको परिचय बताउन

१३ कृषि तथा पशुपालनको परिचय र महत्व बताउन
१४ स्थानीय कच्चा पदार्थको परिचय र उपयोगिता बताउन
१५ सामाजिक न्याय, समानता र विभेदका बारेमा बताउन र समाजमा सम्मानजनक व्यवहार गर्न
१६ श्रमको महत्व, सबै श्रमप्रतिको सम्मान तथा बालश्रमका असरहरू व्याख्या गर्दै घर, विद्यालय र समुदायमा सहकार्य र श्रमप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न
१७ पोषणयुक्त तथा स्वस्थकर खानपिनको परिचय र महत्व बताउन
१८ योग, ध्यान र स्थानीय खेलकुदको परिचय र फाइदा बताउन तथा अभ्यास गर्न
१९ परम्परागत राम्रा र उपयोगी व्यवहार अनुसरण गर्न
२० प्राकृतिक तथा मानवीय गतिविधिका कारण हुने प्रकोप तथा विपद व्यवस्थापन बारे बताउन
२१ प्राकृतिक प्रकोप तथा विपद्बाट बच्ने उपाय तथा विधि बताउन
२२ जलवायु परिवर्तनको सामान्य अर्थ बताउन
२३ कम्प्युटरको परिचय र विभिन्न भागहरुको जानकारी दिन
२४ कम्प्युटरको हार्डवयेर र सफ्टवेयरको उदाहरण सहित परिचय दिन
२५ अपरेटिङ सिस्टम(Windows 11)को परिचय दिन र यसको कार्य बताउन
२६ वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय दिन र यसका Tools को प्रयोग गर्न
२७ स्प्रेडसिटको परिचय सहित यसको काम र विशेषता बताउन
२८ प्रिजेन्टेशन सफ्टवयेरको परिचय दिन र यसका Tools को प्रयोग गरी सामान्य प्रस्तुति बनाउन
२९ पेन्ट प्रोग्रामको परिचय सहित विभिन्न टुल्सहरुको प्रयोग गरी सामान्य चित्र बनाउन
३० कम्प्युटर भाइरसको परिचय, नाम र यसका लक्षणहरु बताउन
३१ साइवर नैतिकता, कम्प्युटर नैतिकता र साइबर अपराधको परिचय सहित उदाहरण दिन
३२ इन्टरनेटको परिचय, प्रयोग र यसका क्षेत्रहरु बताउन
३३ HTML को प्रयोग गरी सामान्य वेव पेज निर्माण गर्न
३४ बाइनरी संख्या प्रणालीको सामान्य परिचय सहित हिसाव गर्न
३५ अल्गोरिदमको परिचय बताउन र सामान्य प्रोग्राम तयार पार्न

**कक्षा ७**

१ गाउँपालिकाले निर्माण गरेका योजना तथा कार्यक्रमहरुको परिचय दिन
२ गाउँपालिकाको भू-बनोट, हावापानी र बनस्पतिको परिचय दिन
३ गाउँपालिकाको भू-बनोट, हावापानी र बनस्पतिको अवस्था र विशेषता बताउन
४ स्थानीय भाषा र लिपिको वर्तमान अवस्था र महत्व बताउन
५ स्थानीय कला, संगीत र साहित्यको महत्व सहित परिचय दिन
६ स्थानीय जातजातिको छेवर, ब्रतवन्ध र बिवाह संस्कार बताउन
७ स्थानीय क्षेत्रमा रहेका धार्मिक, ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक सम्पदा र पर्यटकीय स्थलको महत्व र संरक्षणका उपायहरु बताउन
८ सहिदको योगदान र त्यागको संस्कृतिबारे बताउन
९ सामाजिक तथा राजनीतिक परिवर्तन र यसका उपलब्धिहरु बारे बताउन

१० राष्ट्र प्रेमको महत्व बताउन
११ स्थानीय परम्परागत पेशाको संरक्षण तथा संवर्द्धन गर्ने उपायहरु बताउन
१२ रैथाने कृषि तथा पशुपन्छी पालनको महत्व, उपयोग र संरक्षण बताउन
१३ स्थानिय कच्चा पदार्थबाट सामग्री निर्माण गर्न र विधि बताउन
१४ सामाजिक न्याय, समानता र समावेशीकरणको महत्व स्पष्ट पार्दै समाजमा हुने विभेद तथा अन्यायका अवस्थाहरू पहिचान गरी न्यायपूर्ण व्यवहार अपनाउन
१५ श्रमको गरिमा, श्रमिकको योगदान तथा बालश्रमका प्रभावहरू व्याख्या गर्दै घर, विद्यालय र समुदायमा श्रमप्रति सम्मान, सहकार्य र जिम्मेवार व्यवहार प्रदर्शन गर्न
१६ पोषणयुक्त र स्वस्थकर खानाको व्यवस्थापन र प्रयोग गर्ने तरिका बताउन
१७ योग, ध्यान र स्थानीय खेलको फाइदा बताउन र अभ्यास गर्न
१८ सामाजिक शिष्टचारको महत्व बताउन र व्यवहारमा प्रयोग गर्न
१९ प्राकृतिक प्रकोप व्यवस्थापनको परम्परागत प्रविधि बताउन
२० स्थानीय निकायले प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि गरेका पूर्व तयारीका कार्यहरुको सूची तयार गर्न
२१ जलवायु परिवर्तनले कृषि, स्वास्थ्य, हावापानी र जैविक विविधतामा पार्ने असर वर्णन गर्न ।
२२ कम्प्युटरको इतिहासको परिचय दिन
२३ कम्प्युटरको पाँच पुस्ताहरुको परिचय र विशेषता बताउन
२४ विभिन्न आधारमा कम्प्युटरको प्रकार छुट्याउन र OS को परिचय दिन
२५ अपरेटिङ सिस्टम Windows 11 को प्रयोग गर्न
२६ वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय र प्रयोग बताउन साथै MS-word प्रयोग गरी साधारण डकुमेन्ट तयार पार्न
२७ स्प्रेडसीटको परिचय सहित यसको काम बताउन साथै MS-Excel मा तालिका र साधारण हिसाव गर्न
२८ प्रिजेन्टेशन सफ्टवेयरको परिचय, विशेषता बताउन र टुल्सहरुको प्रयोग गरी स्लाइड तयार पार्न
२९ कम्प्युटर भाइरसको परिचय, प्रकारहरु बताउन र कम्प्युटर भाइरसको लक्षणहरु तथा बच्ने उपायहरु बताउन
३० इन्टरनेटको परिचय र प्रयोग बताउन साथै सुरक्षित रूपमा इमेल र इन्टरनेट प्रयोग गर्न ।
३१ वेव पेज र वेव साइटको परिचय र प्रयोग बताउन, HTML को परिचय बताउन र प्रयोग गर्न साथै ICT को सही र सुरक्षित प्रयोग गर्न
३२ ICT मा प्रयोग गरिने सामग्रीहरु सम्वन्धी(हार्डवयेर र सफ्टवयेर) बताउन, शिक्षामा सूचना तथा सन्चार प्रविधिको प्रयोग बताउन, साइवर नैतिकताको परिचय र नीतिहरु बताउन, बर्तमान अवस्थामा AI Tools को उपयोगिता बताउन
३३ कम्प्युटर ग्राफिक्सको परिचय दिन, कम्प्युटर ग्राफिक्स अन्तर्गतका फाइदा र प्रयोग बताउन, साधारण चित्र बनाउन, फोटो काट्न, फोटो सफा गर्न , डिजाइनिङ सफ्टवेयर Tools को प्रयोग र पेज लेआउट सफ्टवयेर Tools को प्रयोग गर्न
३४ बाइनरी अंक प्रणाली र डेसिमल अंक प्रणालीको हिसाव गर्न साथै अल्गोरिदम र फ्लोचार्टको परिचय सहित सामान्य प्रोग्राम लेख्न

**कक्षा ८**

१ गाउँपालिकाको विभिन्न सेवा क्षेत्रहरुको कार्य बताउन
२ गाउँपालिकाको भौगोलिक अवस्थितिको विशेषताहरु बताउन
३ गाउँपालिकाको पूर्वाधारहरुको अवस्था र भावी योजना बताउन
४ स्थानीय भाषाको संरक्षणका उपायहरु र स्थानीय स्तरबाट गरिएका प्रयासहरु बताउन
५ स्थानीय जातजातिको मृत्यु संस्कार बताउन
६ ऐतिहासिक धार्मिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण र संवर्द्धनका लागि स्थानीय स्तरबाट गरिएका प्रयासहरु बताउन
७ राष्ट्र निर्माणमा स्थानीय सहिदहरुको योगदान बताउन
८ सामाजिक तथा राजनीतिक परिवर्तन र यसका उपलब्धिहरु बताउन
९ कृषि तथा पशुपन्छी पालनको उत्पादन, भण्डारण र बजारीकरण गर्न
१० स्थानीय कच्चा पदार्थबाट आधुनिक सामग्री निर्माणको विधि बताउन र निर्माण गर्न
११ सामाजिक न्याय, मानव अधिकार, समान अवसर तथा समावेशीकरणको महत्व विश्लेषण गर्दै समाजमा रहेका विभेद र अन्याय न्यूनीकरणका उपायहरू पहिचान गर्न
१२ श्रमको गरिमा, उत्पादनमूलक तथा सीपमूलक श्रमको महत्व, बालश्रम तथा श्रम शोषणका प्रभावहरू व्याख्या गर्दै आत्मनिर्भर, जिम्मेवार र श्रमप्रति सम्मानजनक व्यवहार प्रदर्शन गर्न
१३ योग, ध्यान तथा राष्ट्रिय खेलको फाइदा बताउन र अभ्यास गर्न
१४ सरसफाइ र फोहोरमैला व्यवस्थापनका उपायहरु अबलम्बन गर्न
१५ धर्मको सार, नैतिक शिक्षा र मानवता वारे बताउन
१६ प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको भूमिका बताउन
१७ विपद व्यवस्थापनका लागि प्रतिकार्य योजना बताउन
१८ दिगो विकासको परिचय, पक्षहरु, सिद्धान्तहरु र महत्व बताउन
१९ स्थानीय तहबाट दिगो बिकास सम्बन्धी गरेका प्रयासहरु बताउन
२० स्थानीय तहमा जलवायु परिवर्तनका असरहरू (हिमाल पग्लिनु, बाढी, पहिरो, खडेरी आदि) व्याख्या गर्न
२१ समुदाय स्तरमा जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रम योजना बनाउन
२२ कम्प्युटरको इतिहासको परिचय दिन, पाँच पुस्ताहरुको वर्णन गर्न र कम्प्युटर पुस्ताका विशेषताहरु बताउन
२३ विभिन्न आधारमा छुट्याइएका कम्प्युटरको प्रकार भन्न र ब्याख्या गर्न
२४ वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय र प्रयोग बताउन, MS-word प्रयोग गरी विभिन्न प्रकारका डकुमेन्ट तयार गर्न
२५ स्प्रेडसिटको परिचय सहित यसको कामहरु बताउन, MS-Excel मा साधारण हिसाव गर्न, सुत्र, फङ्सन, चार्टको प्रयोग गर्न
२६ प्रिजेन्टेशन सफ्टवयेरको परिचय सहित प्रभावकारी प्रस्तुती बनाउने तरिका बताउन, प्रभावकारी स्लाइड तयार गर्न, Powerpoint को विशेषताहरु बताउन र शिक्षा क्षेत्रमा प्रिजेन्टेशन सफ्टवयेरको महत्व बताउन

२७ कम्प्युटर भाइरसको परिचय, प्रकारहरु बताउन र भाइरसका लक्षण, सर्ने माध्यम, भाइरसबाट बच्न उपाय बताउन तथा एन्टिभाइरसको परिचय र नाम बताउन

२८ इन्टरनेटको परिचय र प्रयोग बताउन, सुरक्षित रूपमा इमेल र इन्टरनेट प्रयोग गर्न, इन्टरनेटको सकारात्मक पक्ष र नकारात्मक पक्षहरु बताउन, वेव पेज र वेव साइटको परिचय र प्रयोग बताउन, वेव पेज र वेव साइटको फरक बताउन साथै HTML को प्रयोग गरी सामान्य वेव पेज निर्माण गर्न

२९ ICT को सही र सुरक्षित तरिकाले प्रयोग गर्ने तरिका बताउन, ICT मा प्रयोग गरिने सामग्रीहरु (हार्डवेयर र सफ्टवेयर) बताउन, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रहरु बताउन, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बताउन

३० वर्तमान अवस्थामा AI Tools को प्रयोग र यसले पारेको प्रभाववारे बताउन

३१ साइवर नैतिकताको परिचय र नीतिहरु बताउन, साइबर अपराधबारे बताउन

३२ कम्प्युटर ग्राफिक्सको परिचय दिन, कम्प्युटर ग्राफिक्स अन्तरगतका फाइदा र प्रयोग बताउन, व्यवसायिक चित्र बनाउन, फोटो काट्न सफा गर्न, डिजाइनिङ सफ्टवयेर(Tools हरुको प्रयोग) र पेज लेआउट सफ्टवयेर (Tools हरुको) प्रयोग गर्न

३३ वेव पेजको परिचय बताउन, HTML को परिचय र प्रयोगको बारे बताउन, साधारण वेब पेज बनाउन

३४ बाइनरी, अक्टल, डेसिमल र हेक्साडेसिमल नम्बरको सामान्य परिचय सहित हिसाव गर्न

३५ अल्गोरिदम  र फ्लोचार्टको परिचय सहित प्रोग्राम तयार पार्न साथै QBASIC प्रोग्रामको परिचय दिन

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

## कक्षा: ६

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| • बारपाक सुलिकोट गाउँपालिकाको परिचय | • गाउँपालिकाको नक्सा र विषयवस्तु<br>• बारपाक सुलिकोट गाउँपालिकाको प्रशासनिक संरचनाको परिचय<br>• बारपाक सुलिकोट गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय<br>• बारपाक सुलिकोट गाउँपालिकाको धार्मिक, आर्थिक, सामाजिक तथा | • बारपाक सुलिकोट गाउँपालिकाको नक्सा बनाइ विभिन्न महत्वपूर्ण स्थानहरु भर्न<br>• बारपाक सुलिकोट गाउँपालिका अन्तर्गतका प्रशासनिक इकाइहरुको परिचय दिन<br>• बारपाक सुलिकोट गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय दिन<br>• बारपाक सुलिकोट | • बारपाक सुलिकोट गाउँपालिकाको प्रशासनिक तथा महत्वपूर्ण स्थलहरुसहितको नक्सा र परिचय<br>• गाउँपालिकाको प्रशासनिक तथा राजनीतिक इकाइहरुको संरचना र कार्य<br>• गाउँपालिकाको भौगोलिक अवस्था (नदी, | • बारपाक सुलिकोट गाउँपालिकाको कार्यालय र वडा कार्यालयको अध्ययन भ्रमण गराउने र गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक ईकाईहरुको संरचना र कार्यहरुको बारेमा परिचय गराउने वा यससँग सम्वन्धित डकुमेन्ट्री तयार पारी प्रस्तुत गर्ने ।<br>• गाउँपालिकाको संरचना र कार्य क्षेत्राधिकार सम्बन्धमा न्याय क्षेत्रमा | • बारपाक सुलिकोट गाउँपालिकाको नक्सा बनाइ महत्वपूर्ण स्थानहरु भर्न लगाउने<br>• बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत प्रशासनिक इकाइहरुको परिचय दिन लगाउने | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सौँस्कृतिक पक्षको परिचय | • गाउँपालिकाको धार्मिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षहरुको परिचय दिन । | पोखरी ,खोला पहाड, झरना ,खानी ....)<br>• गाउँपालिकाको आर्थिक, सामाजिक ,धार्मिक तथा साँस्कृतिक पक्षहरुको परिचय | कार्यरत व्यक्तिहरुसंग छलफल आयोजना गर्ने<br>• स्थानीय क्षेत्रको भौगोलिक अवस्था (नदी, खोला, पोखरी, खानी, पहाड, हिमाल) को बारेमा भौगोलिक अध्ययनको माध्यमबाट जानकारी दिने र आफूले देखेका र अनुभव गरेका आधारमा भौगोलिक विशेषता लेख्न लगाउने<br>• पालिकाभित्र गरिने आयआर्जनका क्षेत्र पहिचान , सामाजिक बनोट तथा भाषाहरुको अवस्था, धर्महरु र सौँस्कृतिक गतिविधिहरुको बारेमा जानकारी दिने, सम्बन्धित व्यक्तिहरुसँग छलफल गर्ने र डिजिटल प्रविधिहरुको प्रयोग गरी देखाउने । | • गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय दिन लगाउने<br>• बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक, सामाजिक, धार्मिक तथा सौँस्कृतिक पक्षहरुको बारेमा परियोजना कार्य गर्न र सोको प्रस्तुतीकरण गर्न लगाउने । | |
| • हाम्रो कला | • स्थानीय भाषा लिपिको परिचय | • स्थानीय स्तरमा बोलिने भाषा र भाषाको लिपिको परिचय दिन | • स्थानीय स्तरमा बोलिने भाषा (गुरुङ, बराम, | • स्थानीय स्तरमा बोलिने भाषाको परिचय सहित ति भाषा समूहको वर्गीकरणका | • स्थानीय मातृभाषा ( आफूले बोल्ने | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संस्कृति र सम्पदा | • जातजातिका संस्कृतिक र परम्परा<br>• स्थानीय जातजातिको जन्म संस्कार<br>• पर्यटकीय, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको परिचय | • स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजातिका सांस्कृति झलक र परम्पराको बारेमा बताउन ।<br>• स्थानीय जातजातिको जन्म संस्कारहरु बताउन ।<br>• बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत रहेका पर्यटकीय, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु मठ, मन्दिर, गुम्बा, मस्जिद, दरबार, कोट, चर्च आदिको परिचय दिन । | मगर, नेवार, तामाङ, घले आदि) को भाषा लिपिको परिचय<br>• स्थानीय संस्कृतिमा आधारित विभिन्न जातजातिगत झलकहरु कला, नृत्य आदि परम्पराहरु ( चाड सामाजिक सम्बन्ध आदि<br>• स्थानीय जातजातिको जन्म संस्कारको परिचय<br>• स्थानीय क्षेत्रका पर्यटकीय, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु | भाषा लिपिको परिचय दिने ।<br>• स्थानीय जातजातिका सांस्कृतिक झलक परम्पराहरुलाई प्रदर्शन गरिएका कार्यक्रमहरुका विद्यार्थीहरुलाई सहभागी गराइ त्यसको महत्व बताउन ।<br>• स्थानीय संस्कृतिमा आधारित परम्पराहरुको परिचय प्रस्तुत गर्दै सामाजिक सम्बन्धबारे बुँदा टिपोट गरी प्रस्तुत गर्ने ।<br>• स्थानीय जातजातिको जन्म संस्कारको परिचय दिने ।<br>• स्थानीय क्षेत्रका महत्वपूर्ण पुरातात्विक ऐतिहासिक र पर्यटकीय सम्पदाहरुको अध्ययन भ्रमण गराइ तिनीहरुको परिचय गराउने । | भाषाको भाषा लिपिको परिचय लेख्न लगाउने ।<br>• स्थानीय जातजातिको संस्कृतिमा आधारित झलक र परम्पराको बारेमा लेख्न लगाउने ।<br>• स्थानीय जातजातिको जन्म संस्कारहरु लेख्न लगाउने ।<br>• स्थानीय क्षेत्रका पर्यटकीय, ऐतिहासिक र पुरातात्विक सम्पदाको सूची तयार गरी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • मठ, मन्दिर, गुम्बा, दरबार, मस्जिद, कोट, चर्च आदिको परिचय । | | परिचय दिन लगाउने। | |
| • सहिदको बलिदान र राष्ट्रप्रेम | • बारपाक सुलिकोट गाउँपालिका अन्तरगत रहेका सहिदहरुको परिचय र योगदान<br>• राष्ट्रप्रेमको अवधारणा | • बारपाक सुलिकोट गाउँपालिका अन्तरगतका सहिदहरुको परिचय दिन<br>• सहिदहरूको योगदान बताउन<br>• राष्ट्र प्रेमको सामान्य अर्थ बताउन । | • सहिदहरुको परिचय, सहिदहरुको नाम र योगदान,<br>• राष्ट्रप्रेमको परिचय (देशप्रतिको माया, सम्मान र योगदान पुऱ्याउने व्यक्तित्व) | • शिक्षकद्वारा कथा शैलीमा पाठको व्याख्या गराउने,<br>• विद्यार्थीहरूबाट पालैपालो वाचन गर्न लगाउने,<br>• सहिदहरूको तस्विर, इतिहास देखिने श्रव्य दृश्य सामग्रीहरुको खोजी गरी देखाउने ,<br>• साना समूहमा सहिदहरुको बारेमा छलफल र योगदानको सूची बनाइ प्रस्तुत गर्ने ।<br>• राष्ट्रभक्ति गीत कविता वा वक्तृत्वकला सञ्चालन गर्ने । | • बारपाक सुलिकोट गाउँपालिकामा रहेका सहिदहरुको नाम लेख्न/भन्न लगाउने<br>• सहिदहरुको योगदान लेख्न/भन्न लगाउने<br>• राष्ट्रप्रेमको सामान्य अर्थ बताउन लगाउने । | १२ |
| | • कम्प्युटर ग्राफिक्स<br>• परिचय<br>• कम्प्युटर ग्राफिक्स अन्तरगतका फाइदा र प्रयोग<br>• डिजाइनिङ सफ्टवयेर(Tools हरुको प्रयोग)<br>• पेज लेआउट सफ्टवयेर (Tools हरुको प्रयोग) | • कम्प्युटर ग्राफिक्सको परिचय दिन<br>• कम्प्युटर ग्राफिक्स अन्तर्गतका फाइदा र प्रयोगको जानकारी दिन<br>• साधारण चित्र बनाउन सक्ने फोटो काट्न सफा गर्न<br>• डिजाइनिङ सफ्टवयेर(Tools हरुको प्रयोग) र पेज लेआउट सफ्टवयेर (Tools हरुको प्रयोग) | • कम्प्युटर ग्राफिक्सको अर्थ, प्रकार, महत्व तथा शिक्षा, विज्ञापन, सञ्चार र डिजाइन क्षेत्रमा यसको प्रयोग र फाइदाको परिचय<br>• चित्र बनाउने, फोटो Crop/सफा गर्ने, डिजाइनिङ Toolsहरूको प्रयोग, पोस्टर/ब्यानर/ | • चित्र, भिडियो तथा नमूना डिजाइन अवलोकन गराउने, ग्राफिक्सको प्रयोगबारे समूह छलफल गराउने, विभिन्न ग्राफिक्स सामग्री पहिचान गर्न लगाउने ।<br>• Paint वा डिजाइनिङ सफ्टवेयर प्रयोग गरी चित्र बनाउन लगाउने, फोटो सम्पादन अभ्यास गराउने, पोस्टर वा कार्ड डिजाइन तयार गर्न लगाउने, पेज लेआउट प्रयोग गरी सानो प्रकाशन कार्य गराउने | • कम्प्युटर ग्राफिक्सको परिचय भन्न वा लेख्न लगाउने ।<br>• गाउँपालिकामा रहेका तस्वीरहरुको खोजी गरी डिजाइन गर्न लगाउने ।<br>• आफ्नो कक्षाकोठामा भएका साथीहरुको | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कार्ड डिजाइन तथा पेज लेआउटको आधारभूत ज्ञान | | फोटो खिचेर काट्न सफा गर्न लगाउने । | |
| | • कम्प्युटर प्रोगामिङको धारणा<br>• अंक प्रणालीको धारणा<br>• अल्गोरिदम र फ्लोचार्ट | • बाइनरी नम्बर र डेसिमल नम्बरको सामान्य परिचय सहित हिसाव गर्न<br>• अल्गोरिदम र फ्लोचार्टको परिचय सहित प्रोग्राम तयार पार्न | • बाइनरी र डेसिमल नम्बर प्रणालीको परिचय, तिनका आधार (Base), संख्या रूपान्तरण तथा सामान्य हिसाब (जोड, घटाउ) गर्ने तरिका<br>• अल्गोरिदम र फ्लोचार्टको परिचय, प्रतीकहरूको प्रयोग, समस्या समाधानका चरणहरू तथा साधारण प्रोग्राम तयार गर्ने आधारभूत ज्ञान | • नम्बर प्रणालीको तुलना गराउने, बोर्डमा उदाहरण समाधान गर्ने, विद्यार्थीलाई रूपान्तरण तथा हिसाब अभ्यास गराउने, समूहगत समस्या समाधान गतिविधि सञ्चालन गर्ने<br>• दैनिक जीवनका कार्यलाई चरणबद्ध रूपमा लेख्न लगाउने, फ्लोचार्ट प्रतीक प्रयोग गरी चित्र बनाउन लगाउने, सरल प्रोग्राम तयार गर्ने अभ्यास गराउने, समूहगत समस्या समाधान गराउने | • बाइनरी नम्बर, अक्टल नम्बर र डेसिमल नम्बरको सामान्य परिचय सहित हिसाव गर्न वा लेख्न लगाउने ।<br>• अल्गोरिदम र फ्लोचार्टको परिचय बताउन र प्रोग्राम तयार पार्न लगाउने । | ४ |

## कक्षा: ८

| क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्याङकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| • बारपाक सुलिकोट गाउँपालिका को परिचय | • बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधारहरुको अवस्था र भावी योजना ।<br>• गाउँपालिकाको सेवा क्षेत्रहरुको कार्य<br>• गाउँपालिकाको भौगोलिक अवस्थाको विशेषाताहरु | • बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधारहरुको अवस्था र भावी योजना बताउन ।<br>• गाउँपालिकाको सेवा क्षेत्रहरुको कार्य भन्न ।<br>• गाउँपालिकाको भौगोलिक अवस्थितिको विशेषताहरु बताउन । | • गाउँपालिकाको पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य यातायात खानेपानी विद्युत र सञ्चार) को अवस्था र भावी योजनाहरु ( दीर्घकालीन महत्वका योजनाहरु गुरुयोजना आदि)<br>• गाउँपालिकाको सेवा क्षेत्रहरु (स्वास्थ्य सेवा,कृषि,पशुं, पञ्जीकरण, प्रशासनिक विद्यालय आदि) | • गाउँपालिकाले वर्तमान सञ्चालन र कार्यान्वनमा ल्याएका पूर्वाधारहरुको अवस्था सहित भावी समयमा कार्यान्वन गर्नका लागि तयार गरेको अल्पकालीन दीर्घकालीन योजनाको बारेमा छलफल गर्ने।<br>• गाउँपालिकाले विकास गरेका दीर्घकालीन महत्वको योजना तथा गुरुयोजनाहरुको गाउँपालिकाको तथ्याङ्कको आधारमा महत्व र प्रभावलाई सूची बनाइ प्रस्तुत गर्ने ।<br>• गाउँपालिकाले प्रदान गर्ने सेवाहरु (स्वास्थ्य सेवा,कृषि,पशुं,पञ्जीकरण,प्र | • गाउँपालिकाले निर्माण गरिएका पूर्वाधारहरु को अवस्था र दीर्घकालीन महत्वका योजनाहरुबारे बताउन लगाउने ।<br>• गाउँपालिकाका सेवा क्षेत्रहरुको कार्य भन्न लगाउने ।<br>• गाउँपालिकाले प्रदान गर्ने सेवाहरु भन्न लगाउने । | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • गाउँपालिकाको भौगोलिक अवस्थितिको विशेषताहरुलाई उल्लेख गरेको नक्सा/ गुगल नक्सा, प्रिन्ट नक्सा | शासनिक विद्यालय आदि) को कार्यहरु डिजिटल प्रविधिहरुबाट प्रस्तुत गर्ने ।<br>• गाउँपालिकाको भौगोलिक अवस्थाहरुको खोजी गरी तिनीहरुको विशेषताहरुलाई स्लाइडको रुपमा प्रस्तुत गर्ने । | • गाउँपालिकाको भौगोलिक अवस्थितिलाइ कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• गाउँपालिकाको भौगोलिक अवस्थाको विशेषताहरु भन्न लगाउने । | |
| • हाम्रो कला संस्कृति र सम्पदाहरु | • स्थानीय भाषाको संरक्षणका उपायहरु र स्थानीय स्तरबाट गरीएका प्रयासहरु<br>• स्थानीय जातजातिको मृत्यु संस्कार<br>• धार्मिक सामाजिक साँस्कृतिक | • स्थानीय भाषाको संरक्षणका उपायहरु र स्थानीय स्तरबाट गरीएका प्रयासहरु बताउन ।<br>• स्थानीय जातजातिको मृत्यु संस्कार बताउन<br>• धार्मिक सामाजिक साँस्कृतिक प्राकृतिक ऐतिहासिक तथा | • स्थानीय भाषाको संरक्षणका उपायहरु र स्थानीय स्तरबाट गरीएका प्रयासहरुमा व्यक्ति परिवार समुदाय र गाउँपालिकाको भूमिका र योजना | • कक्षामा विभिन्न मातृभाषा बोल्ने विद्यार्थीहरु वीच अनुभव साटासाट गर्ने ।<br>• 'भाषा बचे संस्कृति बच्छ' जस्ता नाराहरु लेखी स्थानीय भाषाको महत्व झल्काउने चित्र वा पोष्टर बनाउन लगाउने ।<br>• स्थानीय क्षेत्रमा रहेका विभिन्न भाषाहरुको | • स्थानीय भाषामा विद्यार्थीहरु लाई सिर्जनात्मक कला प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय भाषिक | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राकृतिक ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण र संवर्द्धनका लागि स्थानीय तहबाट गरिएका प्रयासहरु | पुरातात्विक सम्पदाको संरक्षण गर्न गरीएका पर्यात्नहरु बताउन ।<br>• धार्मिक सामाजिक साँस्कृतिक प्राकृतिक ऐतिहासिक तथा पुरातात्विक सम्वर्द्धनको लागि स्थानीय तहबाट गरिएका प्रयासहरु बताउन । | • स्थानीय स्तरमा बोलिने भाषा सङ्कट पर्नुका कारणहरु<br>• स्थानीय स्तरमा भएका जातजातिको छुट्टाछुट्टै मृत्यु संस्कार र प्रचलनहरु<br>• धार्मिक सामाजिक साँस्कृतिक प्राकृतिक ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण र सम्वर्द्धनमा गाउँपालिकाको भूमिका र योजना | सूचीवद्ध गरी त्यसलाई संरक्षण गर्ने उपायहरु र स्थानीय स्तरबाट गरीएका प्रयासहरुलाई प्रस्तुत गर्ने ।<br>• स्थानीय जातजातिको मृत्यु संस्कारबारे विद्यार्थीहरु विचमा अनुभव साँटासाँट गर्न लगाउने ।<br>• स्थानीय धार्मिक साँस्कृतिक ऐतिहासिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धनमा गाउँपालिकाले निर्माण गरेका योजना तथा स्थानीय सामुदायले गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी बुदाँगत टिपोर्ट गर्ने र विद्यार्थीहरुलाई आफूलाई महत्वपूर्ण लागेका विषयहरु सामावेश गर्ने अवसर प्रदान गर्ने । | विविधताको परिचय दिन लगाउने ।<br>• स्थानीय जातजातिको मृत्यु संस्कारको बारेमा लेख्न लगाउने ।<br>• स्थानीय धार्मिक साँस्कृतिक पर्यटकीय पुरातात्विक सम्पदाको संरक्षणका उपायहरु लेख्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| • सहिदको बलिदान र राष्ट्र प्रेम | • स्थानीय सहिदहरुको योगदान<br>• लोकतन्त्र प्रासिका लागि स्थानीय तहबाट गरीएका विभिन्न जन आन्दोलन र यसका उपलब्धि (२०५२ सालको सशस्त्र सङ्घर्ष, २०६२/०६३ को जन आन्दोलन, २०८२ को जेन्जी आन्दोलन) | • राष्ट्र निर्माणमा स्थानीय सहिदको योगदान बताउन ।<br>• २०५२ सालको सशस्त्र सङ्घर्ष, २०६२/०६३ को जनआन्दोलन र २०८२ को जेन्जी आन्दोलनको **पृष्ठभूमी र कारणहरू** वर्णन गर्न<br>• २०५२, २०६२/०६३ र २०८२ का आन्दोलनहरूबाट प्राप्त **उपलब्धिहरुको विश्लेषण** गर्न | • राष्ट्र निर्माणमा स्थानीय सहिदहरुको योगदान (सहिदहरुको जीवनी)<br>• २०५२ सालको सशस्त्र सङ्घर्षको व्याख्या<br>• २०६२/०६३ को जनआन्दोलनको व्याख्या<br>• २०८२ सालको जेन्जी आन्दोलन<br>• प्रत्येक आन्दोलनका उपलब्धिहरु | • स्थानीय सहिदहरुले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको व्याख्या गर्ने ।<br>• विद्यार्थीलाई राष्ट्र निर्माणमा स्थानीय सहिदहरुको भूमिकाको बारेमा घर समुदायमा सोधपुछ गर्न लगाइ रिपोर्ट बनाएर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरुलाई भिडियो/तस्वीर देखाएर विषयप्रति रुचि जगाउने<br>• शिक्षकले २०५२, २०६२/०६३ र २०८२ का आन्दोलनको पृष्ठभूमी सरल रूपमा व्याख्या गर्ने<br>• विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी चार्ट/पोस्टर वृत्तचित्र बनाएर कक्षामा प्रस्तुती गर्ने<br>• विद्यार्थीलाई विभिन्न कालखण्डमा भएका | • स्थानीय सहिदहरुको जीवनीको बारेमा गीत कविता वक्तृत्वकला र संवादको माध्यमबाट भन्न लगाउने ।<br>• राष्ट्र निर्माणमा स्थानीय सहिदहरुले पुऱ्याएको योगदान र प्राप्त उपलब्धिहरु लेख्न वा भन्न लगाउने ।<br>• शिक्षकले २०५२, २०६२/०६३ र | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आन्दोलनहरुबारे आफ्ना विचार तर्कसहित राख्न प्रोत्साहन गर्ने | २०८२ का आन्दोलनको पृष्ठभूमि लेख्न र भन्न लगाउने । | |
| • स्थानीय पेशा व्यवसाय प्रविधि र उद्दम | • स्थानीय कृषि उत्पादनको बजारीकरण<br>• व्यवसाय प्रबर्द्धनमा स्थानीय सरकारको भूमिका<br>• कृषि पेशाले जनजीवनमा पारेको प्रभाव<br>• स्थानीय कच्चा पर्दाथमा आधारित वस्तु<br>• काठको सामग्रीहरु | • स्थानीय कृषि उत्पादनको बजारीकरणको तरिका सम्भावना र आयाम बताउन ।<br>• बजारीकरण कृषि क्षेत्रमा चुनौती र कृषि प्रवर्द्धनमा स्थानीय सरकारको भूमिकाबारे बताउन ।<br>• कृषि पेशाले व्यक्तिगत, सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव भन्न ।<br>• कृषिजन्य औजार हलो, हरिस, जुवा, पिर्का आदि निमार्ण गर्न । | • स्थानीय कृषि उत्पादनको प्रवर्द्धन सम्बन्धी श्रव्यदृश्य सामग्री<br>• स्थानीय कृषि क्षेत्रमा चुनौती र कृषि प्रवर्द्धनका लागि गाउँपालिकाले बनाएको योजना तथा गाउँपालिकाको कृषि बुलेटिन<br>• स्थानीय कच्चा पदार्थ काठको प्रयोग गरी निर्माण गरीने सामग्री। | • स्थानीय क्षेत्रमा कृषि व्यवसाय सञ्चालन गर्दा आईपर्न सक्ने चुनौती र ती चुनौती कम गर्न कृषकहरुले अपनाउनु पर्ने सावधानीका विषयमा स्थानीय कृषि फार्म सञ्चालक वा कृषि विज्ञसँग अन्तरक्रिया गराउने।<br>• गाउँपालिकाभित्र कुन कुन ठाउँहरु कुन कुन उत्पादनका लागि उपयुक्त हुन सक्छन् र ति क्षेत्रहरुलाई कसरी उत्पादन पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ भन्ने बारेमा स्थानीय बाली विज्ञसँग | • स्थानीय कृषि उत्पादनको प्रवर्द्धनका लागि स्थानीय सरकार र कृषकले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने।<br>• कृषि व्यवसाय सञ्चालन गर्दा आइपर्नसक्ने चुनौतीहरुको सूची बनाउन लागाउने। | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • व्यवसाय विकास र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका शीर्षकमा वक्तृत्वकला सञ्चालन गर्ने,<br>• स्थानीय कच्चा पदार्थ काठको प्रयोग गरी सामग्री निर्माण गर्न लगाउने। | अन्तरक्रिया गराइ निष्कर्ष दिने।<br>• स्थानीय कृषि उपजहरुको बजारीकरण गर्नका लागि गाउँपलिकाले के कस्तो सहयोग गर्न सक्छ भन्ने बारेमा गाउँपालिका कृषि शाखाका प्रतिनिधि वा जनप्रतिनिधिसँग अन्तरक्रिया गराइ निष्कर्ष दिने।<br>• कृषि कार्यक्रमको श्रव्य तथा श्रव्यदृश्य सामग्री प्रस्तुत गरी छलफल र प्रश्नोत्तर गराउने।<br>• स्थानीय सिकर्मी तथा विज्ञ व्यक्तिहरुबाट स्थानीय कच्चा पर्दाथको प्रयोग गरी निर्माण गरिने सामग्रीको बारेमा सीप गर्न कक्षा सञ्चालन गर्ने। | • काठबाट निर्मित सामग्री हलो, हरिस, जुवा, पिर्का आदि।<br>• काठबाट निर्मित सामग्रीको निर्माण विधि र बजार व्यवस्थापन। | | | |
| ८ | • सामाजिक न्याय, मानव अधिकार, | • विषय सम्बन्धी छलफल तथा प्रश्नोत्तर, समूहकार्य, घटनामा आधारित | • सामाजिक न्याय, मानव अधिकार, समान अवसर | • सामाजिक न्याय, मानव अधिकार, समान अवसर तथा | • सामाजिक न्याय, मानव अधिकार | • सामाजिक न्याय र श्रम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा समान अवसर<br>• समावेशीकरण, विभेद तथा अन्याय न्यूनीकरणका उपाय<br>• श्रमको गरीमा, उत्पादनमूलक तथा सीपमूलक श्रम<br>• बालश्रम, श्रम शोषण र श्रमप्रति सम्मानजनक व्यवहार | समावेशीकरणको महत्व विश्लेषण गर्दै समाजमा रहेका विभेद र अन्याय न्यूनीकरणका उपायहरू पहिचान गर्न ।<br>• श्रमको गरीमा, उत्पादनमूलक तथा सीपमूलक श्रमको महत्व, बालश्रम तथा श्रम शोषणका प्रभावहरू व्याख्या गर्दै आत्मनिर्भर, जिम्मेवार र श्रमप्रति सम्मानजनक व्यवहार प्रदर्शन गर्न । | तथा समावेशीकरणको परिचय र महत्व;<br>• समाजमा रहेका जातीय, लैङ्गिक, आर्थिक, धार्मिक तथा अन्य विभेदका अवस्था;<br>• विभेद तथा अन्याय न्यूनीकरणका उपाय;<br>• समान व्यवहार, सहिष्णुता, सहकार्य र जिम्मेवार नागरिकको भूमिका<br>• श्रमको अर्थ र गरीमा, श्रमिकको योगदान, उत्पादनमूलक | अध्ययन (Case Study), भूमिका निर्वाह (Role Play), पोस्टर तथा नारामूलक सामग्री निर्माण, स्थानीय समाजमा भएका विभेदका उदाहरण संकलन तथा प्रस्तुति गर्ने ।<br>• श्रमसम्बन्धी कथा वा भिडियो प्रस्तुत गरी छलफल गर्ने,<br>• विद्यालय वा समुदायमा गरीने विभिन्न श्रमका कामहरूको अवलोकन गराउने,<br>• विद्यार्थीलाई सरसफाइ, बगैंचा निर्माण वा सानो सीपमूलक कार्यमा सहभागी गराउने,<br>• स्थानीय सीप तथा पेशाबारे समूह प्रस्तुति गराउने<br>• बालश्रम सम्बन्धी घटना वा चित्र विश्लेषण गराउने,<br>• भूमिका निर्वाह (Role Play) मार्फत श्रम | समान अवसर तथा समावेशीकरणको महत्व लेख्न वा भन्न लगाउने ।<br>• समाजमा रहेका विभेद र अन्याय न्यूनीकरण का उपायहरू पहिचान गर्न लगाइ लेख्न वा भन्न लगाउने ।<br>• श्रमको महत्व र प्रकार सम्बन्धी भन्न वा लेख्न लगाउने ।<br>• बालश्रम तथा श्रम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तथा सीपमूलक श्रमको महत्व, आत्मनिर्भरता र जिम्मेवार व्यवहारको विकास<br>• बालश्रम र श्रम शोषणको परिचय, कारण, प्रभाव तथा रोकथामका उपाय; श्रमिकप्रति सम्मान, सहकार्य र सकारात्मक व्यवहार | शोषणका अवस्था प्रस्तुत गराउने,<br>• "श्रमको सम्मान गरौं" विषयमा पोस्टर वा नारा निर्माण गराउने,<br>• श्रमिकप्रति सम्मानजनक व्यवहारबारे समूह छलफल गराउने | शोषणका प्रभावहरू लेख्न वा भन्न लगाउने ।<br>• सरसफाइ वा श्रमसम्बन्धी कार्यमा जिम्मेवारी निर्वाह गर्न लगाउने । | |
| • हाम्रो नैतिक मूल्य मान्यता र स्वस्थ जीवन शैली | • सरसफाइ र फोहोरमैला व्यवस्थापनका उपायहरु ।<br>• योगको प्रकार<br>• सौर्य क्रान्ति ध्यान विधि र अभ्यास( हस्तपादासन, | • सरसफाइ र फोहोरमैला व्यवस्थापनका उपायहरु अवलम्बन गर्न ।<br>• योगको प्रकार बताउन । | • गाउँपालिका अन्तरगत रहेका विविध क्षेत्रहरुमा सरसफाइ र फोहोरमैला व्यवस्थापनको अवस्था । | • सरसफाइ र फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरु विद्यार्थीहरुलाई भन्न लगाउने र गाउँघरमा समेत कार्यान्वयन गर्न लगाउने । | • सरसफाइ र फोहोरमैला व्यवस्थापन का उपायहरु भन्न वा लेख्न लगाउने ।<br>• बसेर, उठेर वा सुतेर गर्ने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पर्वतासन, चतुरंगा, दण्डासन गर्ने तरिका र अभ्यास<br>• सामाजिक व्यवहार अधिकार र कर्तव्य<br>• धर्मको सार, नैतिक शिक्षा र मानवता<br>• स्वास्थ्य र व्यायाम | • सौर्य क्रान्ति ध्यान विधिको अभ्यास गर्न र फाइदा बताउन ।<br>• हस्तपादासन, पर्वतासन, चतुरंगा, दण्डासन अभ्यास गर्न र फाइदा बताउन ।<br>• धर्मको सार तथा सन्देश बताउन<br>• नैतिक शिक्षा र मानवता वारे बताउन<br>• खेलले स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव बताउन । | • योग अभ्यास र स्वास्थ्यमा यसको फाइदा<br>• ध्यान अभ्यास र स्वास्थ्यमा यसको फाइदा<br>• अनुशासित व्यक्तिका आचरण र व्यवहारहरु<br>• सामाजिक शिष्टचार<br>• विभेदरहित व्यवहार<br>• सामाजिक अधिकार कर्तव्य<br>• धर्मको सार सन्देश र तिनीहरुले समाजमा खेल्ने भूमिका र महत्व<br>• नैतिक शिक्षा र मानवता र मानवीय मूल्य | • सौर्य क्रान्ति ध्यान विधि हस्तपादासन, पर्वतासन, चतुरंगा, दण्डासन गर्ने ।<br>• स्थानीय योग प्रशिक्षकहरुबाट योग आसन तथा ध्यान सम्बन्धी अभ्यास गराउने ।<br>• विभिन्न धार्मिक समुदायबाट धार्मिक क्रियाकलापमा संलग्न भएका विद्यार्थीहरुको धारणा र आदानप्रदान<br>• प्रश्नोत्तर, छलफल ,प्रत्यक्ष अवलोकन समूह कार्य आदि<br>• विभिन्न धार्मिक समुदायबाट धार्मिक क्रियाकलापमा सहभागी भएका जानकार व्यक्तिहरुका अनुभव र धारणाहरुको आदानप्रदान<br>• विद्यार्थीहरुलाई खेल खेल्नु पूर्व वार्मवाप स्ट्रेचिङ गराउने । | एक एक वटा आसन गरेर देखाउन लगाउने ।<br>• सौर्यक्रान्ति ध्यान विधि हस्तपादासन, पर्वतासन, चतुरंगा, दण्डासन अभ्यास गर्न लगाउने ।<br>• योग र ध्यानले स्वास्थमा पार्ने प्रभाव बताउन लगाउने ।<br>• प्रश्नउत्तर बहुवैकल्पिक प्रश्नहरु धर्मको सार तथा सन्देशबारे | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मान्यताको परिचय र महत्वका बारेमा व्याख्या<br>• विश्व शान्ति र एकताको परिचय र महत्वको बारेमा व्याख्या<br>• खेलले स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव | | निबन्ध लेखन<br>• व्यायामको फाइदा लेख्न लगाउने । | |
| • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन | • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको भूमिका<br>• विपद् व्यवस्थापनका लागि प्रतिकार्य योजना | • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको भूमिका बताउन ।<br>• विपद् व्यवस्थापनका लागि प्रतिकार्य योजना बनाइ बताउन ।<br>• जलवायु परिवर्तन न्युनीकरणका कार्यक्रमहरु बताउन । | • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको भूमिका बताउन ।<br>• विपद् व्यवस्थापनका लागि प्रतिकार्य | • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको भूमिका बताउने ।<br>• विपद् व्यवस्थापनका लागि प्रतिकार्य योजना सम्बन्धमा विषय विज्ञहरुसंग छलफल गर्ने, भिडियो पोष्टरहरु देखाउने र प्रतिकार्य योजना बनाइ अभ्यास गराउने । | • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको भूमिका बताउन/ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • स्थानीय तहमा जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रम योजना | | योजना बनाइ बताउन ।<br>• जलवायु परिवर्तन न्युनीकरणका कार्यक्रमहरु (स्थानीय तहको भूमिका फोहोरमैला व्यवस्थापन समुदाय सहभागिता योजना निर्माण आदि) | • विद्यार्थीहरुलाई जलवायु परिवर्तन न्युनीकरणका कार्यक्रमहरु र योजनाहरुलाई सूचीवद्ध बनाइ प्रस्तुत गर्ने । | लेख्न लगाउने ।<br>• विपद् व्यवस्थापन का लागि प्रतिकार्य योजना बनाउन लगाउने ।<br>• जलवायु परिवर्तन न्युनीकरण का कार्यक्रमहरु लेख्न लगाउने । | |
| • सूचना तथा सञ्चार प्रविधि | • कम्प्युटरको इतिहास र पुस्ता<br>• कम्प्युटरको उत्पत्ति र विकास<br>• कम्प्युटरको पुस्ताहरू<br>• कम्प्युटर पुस्ताका विशेषताहरु | • कम्प्युटरको इतिहासको परिचय दिन ।<br>• कम्प्युटरको पाँच पुस्ताहरुको वर्णन गर्न । | • कम्प्युटरको विकासक्रम (नेपालमा कम्प्युटरको इतिहास समेत जानकारी) | • चित्र, भिडियो प्रयोग गरी कम्प्युटरको इतिहास प्रस्तुत गर्ने,<br>• पाँच पुस्ताबारे समूहगत छलफल गराउने,<br>• कम्प्युटर पुस्ताअनुसार विशेषता बताउने । | • कम्प्युटरको इतिहासको परिचय भन्न लगाउने ।<br>• कम्प्युटरको पाँच पुस्ताहरुको | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • कम्प्युटर पुस्ताका विशेषताहरु बताउन । | • पहिलोदेखि पाँचौं पुस्तासम्मको विशेषता | • समूहगत रुपमा प्रस्तुतीकरण गर्न लगाउने | वर्णन गर्न लगाउने ।<br>• कम्प्युटरका पुस्ताहरुको विशेषताहरु भन्न लगाउने । | |
| | • कम्प्युटरको प्रकार<br>• उद्देश्यको आधारमा<br>• आकारको आधारमा<br>• कामको आधारमा | • विभिन्न आधारमा छुट्याइएका कम्प्युटरलाई वर्णन गर्न । | • कम्प्युटरको प्रयोग विभिन्न क्षेत्र अनुसार वर्गीकरण र ब्याख्या | • चार्टको प्रयोग गरी विद्यार्थीहरुलाई कम्प्युटरको प्रकार स्लाइडको माध्यमबाट देखाउने र स्वयं विद्यार्थीहरुलाई पनि गर्न लगाउने । | • कम्प्युटरका प्रकारहरु लेख्न वा भन्न लगाउने । | ४ |
| | • वर्ड प्रोसेसिङ सफ्टवेयर (MS Word 2021)<br>• परिचय<br>• Ms-word को विशेषताहरु<br>• Ms-word(2021) Tools को प्रयोग । | • वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय र प्रयोग बताउन ।<br>• MS Word प्रयोग गरी विभिन्न प्रकारका दस्तावेज बनाउन । | • वर्ड प्रोसेसिङ सफ्टवेयरले कम्प्युटरमा पाठ तयार, सम्पादन र सजावट गर्न मद्दत गर्छ।<br>• MS Word प्रयोग गरी विद्यार्थीहरूले विभिन्न प्रकारका | • MS Word खोल्ने, टाइप गर्ने, फन्ट/साइज परिवर्तन गर्ने, अनुच्छेद मिलाउने, दस्तावेज तयार गर्ने र सेभ गर्ने। जस्ता अभ्यासहरु गर्न लगाउने ।<br>• गाउँपालिकाको सहिदहरुको नामहरु लेख्न लगाइ उनीहरुले पुऱ्याउनु | • वर्ड प्रोसेसिङ सफ्टवेयरको परिचय भन्न वा लेख्न लगाउने ।<br>• बारपाक सुलिकोट गाउँपालिका को धार्मिक सामाजिक | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | साँस्कृतिक लगायत विविध पक्षहरुको रिपोर्ट तयार पार्न लगाउने । | भएको योगदानको बारेमा लेख्न लगाउने । | शैक्षिक र औपचारिक दस्तावेज तयार गर्न सक्छन्। | | | |
| ५ | • स्प्रेडसीटको परिचय सहित यसको कामहरु लेख्न वा भन्न लगाउने ।<br>• गाउँपालिकाको प्रशासनिक संरचनालाई चार्टमा देखाउन लगाउने ।<br>• बारपाक सुलिकोट गाउँपालिकामा रहेका | • अंक तालिका देखाएर जोड घटाउ अभ्यास<br>• Excel खोल्ने, डेटा टाइप गर्ने, तालिका बनाउने, SUM र AVERAGE प्रयोग गर्ने, साधारण चार्ट बनाउने, अभ्यास कार्य गर्ने।<br>• विभिन्न सुत्रहरुको प्रयोग गरी नतिजा तयार देखि विद्यालयमा हुने सामान्य हिसाव किताव राख्न | • स्प्रेडसीट सफ्टवेयरले डेटा व्यवस्थित गर्न, गणना गर्न र विश्लेषण गर्न सहयोग गर्छ। MS Excel प्रयोग गरी विद्यार्थीहरूले तालिका बनाउने, ग्राफ तयार गर्ने र गणितीय हिसाब सजिलै गर्न सक्छन्। सूत्र र फङ्क्सन प्रयोग गर्दा काम | • स्प्रेडसीटको परिचय सहित यसको कामहरु बताउन ।<br>• MS Excel मा तालिका चार्ट र साधारण हिसाव गर्न<br>• सुत्र, फङ्सनको प्रयोग गर्न । | • स्प्रेडसीट सफ्टवेयर(MS Excel 2021)<br>• परिचय<br>• Ms-Excel(2021) खोल्ने तरिका र Tools को प्रयोग<br>• Ms-Excel को विशेषताहरु | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छिटो र सही हुन्छ। | | जनसाङ्ख्यिकीय विवरणलाई वृत चित्र स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने । | |
| | • प्रिजेन्टेशन सफ्टवयेर (PowerPoint 2021)<br>• परिचय<br>• Powerpoint(2021) खोल्ने तरिका र Tools हरुको प्रयोग<br>• Powerpoint को विशेषताहरु<br>• शिक्षा क्षेत्रमा प्रिजेन्टेशन सफ्टवयेरको महत्व | • प्रिजेन्टेशन सफ्टवयेरको परिचय सहित प्रभावकारी प्रस्तुती बनाउन ।<br>• स्लाइड प्रस्तुती तयार गर्न ।<br>• Powerpoint को विशेषताहरु बताउन ।<br>• शिक्षा क्षेत्रमा प्रिजेन्टेशन सफ्टवयेरको महत्व भन्न । | • स्लाइड बनाउन, चित्र राख्न (PowerPoint)<br>• स्लाइड डिजाइन,<br>• ट्रान्जिसन<br>• एनिमेसन<br>• फर्म्याटिङ<br>• स्लाइड सो आदि | • ८ वा १० स्लाइडको नमूना देखाउने<br>• प्राकृतिक सम्पदा ऐतिहासिक स्थल आदिको बारेमा स्लाईड तयार गरी विद्यार्थीहरुलाई शिक्षण सिकाइमा यसको महत्वको बारेमा बताउने ।<br>• विद्यार्थीहरुलाई बारपाक सुलिकोट गाउँपालिकामा रहेका परम्परागत व्यवसायहरुको टिपोट गर्न लगाइ स्लाइड तयार पारी प्रस्तुती गर्न लगाउने । | • प्रिजेन्टेशन सफ्टवयेरको परिचय लेख्न वा भन्न लगाउने ।<br>• स्लाईडहरु निर्माण गर्न लगाउने ।<br>• शिक्षा क्षेत्रमा प्रिजेन्टेशन सफ्टवयेरको महत्वलाई स्लाइड तयार गर्न लगाउने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • कम्प्युटर भाइरस<br>• परिचय<br>• भाइरसका प्रकार<br>• भाइरसका लक्षणहरु<br>• भाइरसबाट बच्ने उपाय<br>• एन्टिभाइरसको परिचय र नाम | • कम्प्युटर भाइरसको अर्थ बताउन ।<br>• भाइरसका प्रकारहरु बताउन ।<br>• भाइरसबाट हुने असर वा लक्षण बताउन ।<br>• भाइरसबाट बच्न सक्ने उपाय बताउन ।<br>• एन्टिभाइरसको परिचय र नाम बताउन ।<br>• फायरवेलको परिचय | • कम्प्युटर भाइरस हानिकारक प्रोग्राम हो ।<br>• भाइरस विभिन्न प्रकारका हुन्छन् र यसले फाइल, प्रणाली र नेटवर्कमा असर गर्छ।<br>• एन्टिभाइरसले भाइरस पत्ता लगाएर हटाउँछ भने फायरवालले अनधिकृत पहुँच रोक्छ।<br>• कम्प्युटरको सुरक्षा उपाय<br>• एन्टिभाइरसको नाम | • भाइरसको परिचय दिने, प्रकारहरू उदाहरणसहित बुझाउने, असर र सुरक्षा उपाय व्याख्या गर्ने, एन्टिभाइरस र फायरवाल डेमो देखाउने। | • कम्प्युटर भाइरसको अर्थ, प्रकारहरु भन्न लगाउने ।<br>• भाइरसका लक्षणहरु, सुरक्षित हुने उपायहरुलाइ सूची बनाउन लगाउने ।<br>• एन्टीभाइरसको नामहरु लेख्न लगाउने । | ४ |
| | • इमेल र इन्टरनेट<br>• इमेलको परिचय र प्रयोग<br>• इन्टरनेटको परिचय र प्रयोग | • इन्टरनेटको परिचय बताउन र प्रयोग गर्न।<br>• सुरक्षित रूपमा इमेल र इन्टरनेट प्रयोग गर्न । | • इमेल आइ डी निर्माण गरी लेख्न,<br>• ब्राउजरहरु<br>• वेव साइटहरु<br>• वेव पेजहरु | • इन्टरनेट र इमेलको परिचय दिने<br>• सुरक्षित प्रयोगका उपाय बताउने । | • इन्टरनेटको परिचय भन्न वा लेख्न लगाउने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • इन्टरनेटको प्रयोग गरी बारपाक सुलिकोट गाउँपालिका को महत्वपूर्ण स्थानहरु खोजी गर्न लगाउने ।<br>• बारपाक सुलिकोट गाउँपालिका को वेब साइट प्रयोग गर्न लगाउने । | • वेब पेज र वेबसाइटको फरक स्पष्ट पारिदिने ।<br>• HTML को आधारभूत संरचना प्रदर्शन गर्ने<br>• साधारण वेब पेज बनाउन अभ्यास गराउने ।<br>• बारपाक सुलिकोट गाउँपालिकाको वेव साइट खोल्न लगाइ त्यहाँ भएका विषयवस्तुहरु अध्ययन गर्न लगाउने ।<br>• साधारण वेव पेजहरुको निर्माण गर्न लगाउने ।<br>• विभिन्न संघसंस्थाहरुको वेव साइटको प्रयोग गर्न लगाउने । | • HTML परिचय,<br>• ट्याग, संरचना | • इन्टरनेटको सकारात्मक पक्ष र नकारात्मक पक्ष बताउन ।<br>• वेव पेज र वेव साइटको परिचय र प्रयोग बताउन ।<br>• वेव पेज र वेव साइटको फरक बताउन ।<br>• HTML को परिचय भन्न र प्रयोग गर्न ।<br>• साधारण वेब पेज बनाउन । | • इन्टरनेटको सकारात्मक पक्ष र नकारात्मक पक्ष<br>• वेव पेज र वेव साइटको प्रयोग र उदाहरण<br>• HTML को परिचय र प्रयोग<br>• आधारभूत वेव डिजाइन (HTML को प्रयोग गरी प्रयोगात्मक कार्य) | |
| ६ | • ICT मा प्रयोग गरीने सामग्रीहरु लेख्न लगाउने ।<br>• सूचना तथा सञ्चार | • शिक्षकले विभिन्न समाजमा भएका अवस्था वा घटनाहरुलाई लिएर सूचना तथा सञ्चार प्रविधिको प्रयोगको बारेमा बताउने । | • सूचना तथा सञ्चार प्रविधिहरु(मोबाइल, कम्प्युटर टेलिभिजन)<br>• AI Tools<br>• साइबर अपराध, | • ICT को सही र सुरक्षित प्रयोग गर्न<br>• ICT मा प्रयोग गरीने सामग्रीहरु सम्वन्धी(हार्डवयेर र सफ्टवयेर) जानकारी दिन | • सूचना तथा सञ्चार प्रविधि र साइबर नैतिकता<br>• सूचना तथा सञ्चार प्रविधिको परिचय र यसमा प्रयोग हुने सामग्रीहरु | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • सूचना तथा सञ्चार प्रविधिको क्षेत्रहरु<br>• शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग<br>• AI Tools हरुको प्रयोग (Chat GPT, Co-pilot, Gemini)<br>• साइवर नैतिकताको परिचय र नीतिहरु<br>• साइबर अपराध | • सूचना तथा सञ्चार प्रविधिको क्षेत्रहरु बताउन ।<br>• शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी बताउन ।<br>• वर्तमान अवस्थामा AI Tools को प्रयोग बताउन ।<br>• साइवर नैतिकताको परिचय र नीतिहरु बताउन ।<br>• साइबर अपराध सम्वन्धी जानकारी दिन । | • डिजिटल<br>• शिष्टाचार<br>• साइबर नीतिहरु<br>• गोपनीयता | • ICT मा प्रयोग गरीने सामग्रीहरुको नाम भन्न लगाउने ।<br>• सूचना तथा सञ्चार प्रविधिको क्षेत्रहरु बताउदै शिक्षा क्षेत्रमा यसको प्रयोगको बारेमा उल्लेख गर्ने ।<br>• वर्तमान अवस्थामा AI Tools को प्रयोगको बारेमा जानकारी दिने ।<br>• साइवर नैतिकताको परिचय र नीतिहरुको बारेमा विभिन्न समाजमा भएका घटनाहरुलाई उदाहरण दिदै स्पष्ट पारिदिने ।<br>• साइबर अपराधको बारेमा भिडियो तस्विर देखाएर स्पष्ट पारिदिने । | प्रविधिको क्षेत्रहरुको सूची तयार पार्न लगाउने ।<br>• वर्तमान अवस्थामा AI Tools को प्रयोग कहाँ र कसरी गरीरहेको छ भन्न लगाउने ।<br>• साइवर नैतिकताको परिचय र नीतिहरु लेख्न लगाउने ।<br>• साइबर अपराधका उदाहरणहरु लेख्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • कम्प्युटर ग्राफिक्स<br>• परिचय<br>• कम्प्युटर ग्राफिक्स अन्तरगतका फाइदा र प्रयोग<br>• डिजाइनिङ सफ्टवयेर(Tools हरुको प्रयोग)<br>• पेज लेआउट सफ्टवयेर (Tools हरुको प्रयोग) | • कम्प्युटर ग्राफिक्सको परिचय दिन सक्ने<br>• कम्प्युटर ग्राफिक्स अन्तरगतका फाइदा र प्रयोगको जानकारी दिन<br>• व्यावसायिक चित्र बनाउन सक्ने फोटो काट्न सफा गर्न<br>• डिजाइनिङ सफ्टवयेर(Tools हरुको प्रयोग) र पेज लेआउट सफ्टवयेर (Tools हरुको प्रयोग) सम्वन्धी जानकारी लिन | • Graphics Tools प्रयोग<br>• (जस्तै Paint, Photoshop, Coral Draw, Adobe illustrator, Adobe in Design, pagemaker) | • विद्यार्थीहरुलाई विभिन्न ब्यानर पोस्टर आदि देखाइ कम्प्युटर ग्राफिक्सको परिचय दिने ।<br>• कम्प्युटर ग्राफिक्सको प्रयोगबाट व्यवसायिक रुपमा आम्दानी गर्न सकिने कुरालाई जोड दिने ।<br>• सामान्य प्रमाणपत्र ब्यानरहरु तयार पार्न लगाउने ।<br>• फोटोहरु काट्न सफा गर्न लगाउने । | • कम्प्युटर ग्राफिक्सको परिचय भन्न लगाउने ।<br>• कम्प्युटर ग्राफिक्सको फाइदा लेख्न लगाउने ।<br>• डिजाइनिङ Tools र पेज लेआउट Tools को प्रयोग गर्न लगाउने । | ६ |
| | • कम्प्युटर प्रोगामिङको धारणा<br>• अंक प्रणालीको धारणा<br>• अल्गोरिदम र फ्लोचार्ट | • बाइनरी नम्बर, अक्टल नम्बर, डेसिमल नम्बर र हेक्साडेसिमल नम्बरको सामान्य परिचय सहित हिसाव गर्न<br>• अल्गोरिदम र फ्लोचार्टको परिचय | • बाइनरी नम्बर, अक्टल नम्बर, डेसिमल नम्बर र हेक्साडेसिमल नम्बरको परिचय र हिसाव<br>• अल्गोरिदम र फ्लोचार्ट | • तालिकाको प्रयोग गरी बाइनरी नम्बर, अक्टल नम्बर, डेसिमल नम्बर र हेक्साडेसिमल नम्बरको धारणा दिने<br>• विभिन्न उदाहरण प्रदर्शन गरी अल्गोरिदम र फ्लोचार्ट तयार पार्ने | • बाइनरी नम्बर, अक्टल नम्बर, डेसिमल नम्बर र हेक्साडेसिमल नम्बरको सामान्य | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • QBASIC प्रोग्रामिङको परिचय | सहित प्रोग्राम तयार पार्न<br>• QBASIC प्रोग्रामिङको परिचय दिन | • Concept of QBASIC Programming | • कम्प्युटर ल्याव वा प्रोजेक्टरको प्रयोग गरी QBASIC Programming को धारणा दिने | परिचय सहित हिसाव गर्न<br>• अल्गोरिदम र फ्लोचार्टको प्रयोग गरी सामान्य प्रोग्राम लेख्न लगाउने । | |

# विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ :

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।

२. विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुवै अपनाउनु पर्ने छ ।

३. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफैँ गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकाले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ ।

४. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ ।

५. कक्षा ६-८ मा ५०% निर्णयात्मक (वार्षिक परीक्षा) र ५०% निर्माणात्मक (निरन्तर मूल्याङ्कन पद्धति) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।

६. विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level), बोध तह (Understanding Level), प्रयोग तह(Application Level) र उच्च तह (Higher Abilities) का अति छोटो, छोटो र लामो उत्तरात्मक प्रश्नहरु समाबेस गरिनेछ ।

७. प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तनजस्ता पक्षहरू समेट्नु पर्ने छ ।

८. प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्य मान्यता तथा स्थानीय पेसा व्यवसाय र आधुनिक सूचना तथा सञ्चार प्रविधिलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ ॥

९. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

१०. विद्यार्थी मूल्याङ्कन सम्बन्धी विधि र प्रक्रिया अनुसूची (१) मा उल्लेख गरेबमोजिम हुने छ ।

## पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुने छ ।

- विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ ।
- परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ ।
- स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा विज्ञ व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन् ।
- विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यमसमेत अवलम्बन गर्न सक्ने छन् ।
- विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ ।
- विद्यार्थीहरूको समूह कार्य र अन्तरक्रिया, अवलोकन भ्रमण, श्रव्य दृष्य सामग्रीको प्रयोगलाई प्राथमिकता दिइने छ ।
- पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।
- शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्रीहरुको निर्माण र प्रयोग गर्न सकिनेछ ।

## समय निर्धारण

आधारभूत तह कक्षा ६-८ मा स्थानीय विषयको पाठ्यघण्टा ४ र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्ने छ र २०५ दिन पठनपाठन हुने छ । प्रत्येक घन्टी एक घण्टाको हुनेछ ।

## पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन सक्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसैअनुरूप यो पाठ्यक्रम पनि स्थानीय विषयवस्तु, सहभागिता र आवश्यकतालाई सम्बोधन गर्न समयानुकूल परिमार्जन गरिनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

## अनुसूची (१)

## विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

**कक्षा : ६-८**

औसत अङ्क विशिष्टीकरण तालिका

| क.सं. | कार्य विवरण | अंकभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ४ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ४ |
| ३ | कक्षाकार्य/गृहकार्य | ८ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १२ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ८ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ४ |
| ७ | एकाइ परीक्षा/प्रयोगात्मक परीक्षा | १० |
| | जम्मा | ५० |

# कक्षा ६-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| क. सं. | एकाइ/पाठ | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| | | ८ | १ | ८ | ९ | ३ | २७ | ३ | ५ | १५ | २० | ५० |
| खण्ड क | | | | | | | | | | | | |
| १ | बारपाक सुलिकोट गाउँपालिकाको परिचय | १ | १ | १ | १ | ३ | ३ | १ | ५ | ५ | ७ | १७ |
| २ | हाम्रो कला, संस्कृति र सम्पदाहरु | | | | | | | | | | | |
| ३ | सहिदको बलिदान र राष्ट्रप्रेम | २ | १ | २ | २ | ३ | ६ | | | | | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | | | | | | | | | | | |
| ५ | सामाजिक न्याय र श्रम | २ | १ | २ | २ | ३ | ६ | १ | ५ | ५ | ५ | १३ |
| ६ | हाम्रो नैतिक मूल्य मान्यता र स्वस्थ जीवनशैली | | | | | | | | | | | |
| ७ | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन | | | | | | | | | | | |
| खण्ड ख | | | | | | | | | | | | |
| ८ | आधुनिक सूचना तथा सञ्चार प्रविधि | ३ | १ | ३ | ४ | ३ | १२ | १ | ५ | ५ | ८ | २० |
| जम्मा | | ८ | | ८ | ९ | | २७ | ३ | | १५ | २० | ५० |










# बारपाक सुलिकोट गाउपालिका

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल